# “स्वास्थ्य, शिक्षा र आर्थिक विकास,
# सामाजिक न्याय क्षीरेश्वरको निकास”

**क्षीरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख श्री सुखदेव यादवबाट दशौं नगर सभामा प्रस्तुत गरीएको नीति तथा कार्यक्रम र बजेट सम्बन्धी मन्तव्य**

<u>२०७९।०३।१० गते शुक्रबार</u>

श्री नगर उपप्रमुख ज्यु, नगरसभा सचिव एंवम प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, नगर सभा सदस्य ज्यूहरु, सहिद परिवारका प्रतिनिधि ज्यू, क्षीरेश्वरनाथ नगरपालिकाका प्रध्यापक शिक्षक ज्यूहरु, सबै बुद्धिजीवी मित्रहरु, पूर्व जनप्रतिनिधि ज्यूहरु, बिभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतीनिधि ज्यूहरु, श्रीनाथ गणका प्रमुख तथा प्रतिनिधि ज्यू, ईलाका प्रहरी कार्यालयका प्रमुख एवं प्रतिनिधी ज्यू, शसस्त्र प्रहरी बल नक्टाझिझका प्रमुख एवंम् प्रतिनिधि ज्यू, उधोग बाणिज्य संघका अध्यक्ष तथा प्रतिनिधि ज्यू, नेपाल विद्युत प्राधिकरण सखुवा महेन्द्रनगर शाखाका प्रमुख एवंम प्रतिनिधि ज्यू, सर्पदंश उपचार अस्पतालका अध्यक्ष तथा प्रतिनिधीज्यु, खानेपानी सरसफाई उपभोक्ता समितिका अध्यक्ष तथा प्रतिनिधीज्यु, नेपाल कवड्डी संघका केन्द्रिय उपाध्यक्ष ज्यू, जलाद साझेदारी वन संरक्षणका अध्यक्ष ज्यू, क्षीरेश्वर धर्मसंस्थाका अध्यक्ष तथा प्रतिनिधीज्यु, जैसी बाबा धर्मशालाका अध्यक्ष एवंम् प्रतिनिधि ज्यू, जेष्ठ नागरिक हकहित संरक्षण मन्चका अध्यक्ष तथा प्रतिनिधीज्यु, सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधी ज्यू, नेपाल निजामती कर्मचारी युनियन धनुषा र महोत्तरीका जिल्ला अध्यक्ष ज्यू, यस नगरपालिकामा कार्यरत सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु, स्थानीय तथा राष्ट्रिय स्तरमा कार्यरत संचारकर्मी मित्रहरु, अन्य अतीथिज्यूहरु तथा आजको दशौं नगर सभामा उपस्थित सम्पूर्ण महानुभावहरु सबैमा मेरो व्यक्तिगततर्फबाट तथा यस क्षीरेश्वरनाथ नगरपालिकाको तर्फबाट हार्दिक अभिवादन !

सर्वप्रथम मूलुक संघीयतमा गईसकेपछि स्थानीय तहले आफ्नो प्रथम ५ बर्षे कार्यकाल सम्पन्न गरी ३० बैशाख २०७९ मा सम्पन्न स्थानीय तहको दोश्रो निर्वाचनबाट म लगायत सम्पूर्ण जनप्रतिनिधि ज्यूहरुलाई निर्वाचित गराउनु भएकोमा सम्पूर्ण मतदाता एवं निर्वाचन गराउन खटिनुभएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी ज्यूहरु, नगरबासीहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै ५ बर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न गर्नुभएका सम्पूर्ण पूर्व जनप्रतिनिधि ज्यूहरुमा हार्दिक बधाई तथा धन्यवाद थप गर्न चाहन्छु ।

आगामी आ.व.को बजेट चालु आ.व.को अषाढ १० गते सम्म नगरसभामा पेश गर्नुपर्ने कानुनी प्रावधान रहेकोले ३० बैशाख २०७९ मा भएको स्थानीय तहको निर्वाचनको मतपरिणाम प्राप्त भई कार्यपालिका सदस्यहरुको निर्वाचनको कारण समय अभाव रहँदा रहदै पनि यहाँहरुले छोटो समयको निमन्त्रणालाई स्वीकार गरी आफ्ना महत्वपूर्ण समय दिई यस नगर सभामा उपस्थित हुनु भएकोमा कृतज्ञता व्यक्त गर्न चाहन्छु । निर्वाचनको कारण समय अभावको बाबजुद पनि नगरबासीहरुको भावनाअनुरुप टोल बस्तीस्तर र सरोकारवालाहरुबाट योजना तथा कार्यक्रमहरु प्राप्त गरि वडा समितिबाट योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरि यस सभाबाट योजना तथा कार्यक्रम छनौट तथा तर्जुमा गर्ने कार्यमा यहाँहरु सबैको पुर्ण सहयोग रहेकोले पुनः तपाईहरु सबैमा हार्दिक धन्यबाद दिन चाहन्छु ।

बिभिन्न कालखण्डमा प्रजातन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका खातिर जनआन्दोलन, सशस्त्र संघर्ष तथा मधेश आन्दोलनका क्रममा शहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात शहीदहरु प्रती हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

आगामी आ.व. २०७९।०८० को वार्षिक नीति बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेट कार्यक्रम तर्जुमा दिग्दर्शनले तोकेको पूर्ब निर्धारित समय तालिका, नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, संघिय सरकारको आवधिक योजना, संघिय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नितीहरु, प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरु, स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतीवद्धताहरु, विकासका समसामयिक मुद्धाहरुः सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन तथा पोषण सुरक्षा, लैङगीक सशक्तिकरण तथा समाबेशी विकास, बालमैत्री तथा बातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु, निर्वाचनको क्रममा हामीद्वारा जारी गरीएको निर्वाचन घोषणापत्रहरु, क्षीरेश्वरनाथ नगरपालिकाले आवश्यक ठानेका विषयहरुलाई आधार तथा र्मागदर्शनको रुपमा लिईएको छ ।

**सर्वप्रथम यस नगर सभा समक्ष चालु आर्थिक बर्ष २०७८।०७९ को अषाढ ५ गतेसम्म कार्यान्वयन भएको बजेटको अवस्थाको बारेमा समीक्षा प्रस्तुत गर्न चाहन्छु ।**

**"स्वास्थ्य, शिक्षा र आर्थिक विकास,**
**सामाजिक न्याय क्षीरेश्वरको निकास"**

चालु आ.ब. २०७८।०७९ मा केन्द्र तथा आन्तरिक स्रोतबाट करिब रु.६९ करोड ५१ लाख ७८ हजार यस नगरपालिकामा आम्दनी प्राप्त भई सो मध्ये नगर क्षेत्रको विकासको लागि हालसम्म ४१ करोड ७७ लाख ५३ हजार खर्च भएको जानकारी गराउन चाहन्छु । सो खर्च मध्ये चालु खर्च तर्फ रु.६ करोड ३४ लाख २७ हजार र पुँजिगत, सामाजिक सुरक्षा तथा अन्य कार्यक्रम खर्च रु.३५ करोड ४३ लाख २६ हजार खर्च भएको देखिन्छ । यसरी आम्दानीको तुलनामा २०७९ असार ७ गतेसम्म ६१% प्रतिशत खर्च भएको देखिएकोले संतोषजनक रहेको मान्न सकिन्छ । साथै यस अवधिमा भौतिक प्रगति ९०% प्रतिशत भन्दा बढी भई भुक्तानीको लागि फाईल पेश हुने क्रममा रहेको छ ।

**चालु आ.व. २०७८।०७९ मा हालसम्म भएका महत्वपूर्ण कार्यहरु देहाय बमोजिम रहेका छन :**

१. नगरलाई उज्यालो बनाउँनको लागि नगरका मुख्य स्थानहरुमा ५० वटा टावरलाईट जडान गर्ने कार्य तिब्र रुपमा भईरहेकोछ ।

२. हाईवे देखि यस नगरपालिकाको निर्माणाधिन नयां प्रशासकीय भवनसम्म जाने सडक कालोपत्रे गर्ने कार्यको लागि शहरी बिकाससंग सम्झौता भई कार्य प्रक्रिया अघि बढि सकेको छ ।

३. कृषि सिँचाईको लागि ५ सय थान पोल गाडी तार जडान गर्ने कार्य अन्तिम रुप लिसकेको छ ।

४. नगरपालिकाबाट सम्पादन गरिने योजना छनौट लगायत अन्य बिभिन्न क्रियाकलापमा नगरको तथ्यांक आबश्यक पर्ने भएकोले यस नगरपालिकाको डिजिटल प्रोफाईल तयार भईसकेको छ ।

५. अघि अघि बाटो, संग संगै बिकास को अवधारणालाई आत्मसाथ गर्दै नगर भरिको साविकको सडकहरुको रुतरोन्नती गर्दै पिसिसि ढलान समेत गरिएको छ ।

६. यस नगरको गोपालपुर वडा नं.१० मा २४ घण्टै प्रसुति सेवा उपलब्ध गराउन बर्थिङ्ग सेन्टरको निर्माण सम्पन्न भई समुद्घाटन समेत भएर संचालनको क्रममा रहेको छ।

७. यस नगरपालिको वडा नं.६ मा निर्माण सम्पन्न भएको आधारभुत स्वास्थ्य सेवा केन्द्र समुद्घाटन भई संचालनको क्रममा रहेको छ । साथै वडा नं.७ स्थित आधारभुत स्वास्थ्य सेवा केन्द्र समेत निर्माण सम्पन्न भईसकेकोमा निकट भविष्यमै तहाँबाट स्वास्थ्य सेवा संचालन गरिनेछ ।

८. नगरपालिकालाई समृद्ध बनाउन कृषि क्षेत्रको महत्वपुर्ण योगदान रहने भएको हुदां नगरभरिको कृषि सिचाई तथा अन्य कार्यको लागि बोरिगं तथा ईनार निर्माणको कार्य समेत अन्तिम चरणमा रहेको छ ।

९. आफनो स्वामित्वमा जग्गा जमिन नरहेको तर कृषि जन्य उत्पादन गरि आय आर्जन बृद्धि गर्ने उदेश्यका साथ यस नगरमा रहेको जलाद र औरही नदि किनारामा वगर खेती कार्यक्रम संचालन गरिएको छ ।

१०. नगरभरीका बिरामी पशुहरुलाई नगरपालिकाबाट निःशुल्क उपचार गरिएको छ ।

११. यस नगरपालिका अन्तर्गतका पशु सेवा शाखाबाट खोरेत, भ्यागुते र चर्चरे तथा बाखाको पिपिआर रोग बिरुद्धको खोप पनि संचालन गरिएको छ ।

१२. पशुजन्य उत्पादन बृद्धि गरि कृषकहरुको आयस्तर बढाउन उन्नत नश्लको बिउ बोकाहरुका वितरण गर्नुका साथै मतस्यपालनका लागि अनुदान उपलब्ध गराईएको छ ।

१३. यस नगरपालिकाका करिब ८० प्रतिशत नगरबासीहरुलाई कोभिड बिरुद्धको पहिलो, दोश्रो र बुस्टर डोज लगाउने कार्य पनि सम्पन्न भएको छ ।

१४. जन्म भएको १५ महिना देखि १५ बर्षसम्मका बालबालिकाहरुलाई टाईफाईड बिरुद्धको खोप लगाउने पहिलो चरणको कार्य सम्पन्न भई अगामी आ.व.को नियमित खोप कार्यक्रममा समावेश गरिएको छ ।

१५. यस नगरपालिकालाई पूर्ण खोपयुक्त पालिका घोषणा गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

१६. गर्भवति महिला तथा आपांगलाई धनुषा जिल्ला भरी अस्पताल लग्न एम्बुलेन्सको व्यवस्था नि:शुल्क गरिएको छ ।

१७. नगरभित्रको शैक्षिक तथ्यांकलाई गुणस्तरीय बनाउनका लागि नगर भित्रका शिक्षकहरुलाई अभिमुखिकरण तालिम सञ्चालन गरिएको छ ।

१८. स्वास्थ्य शाखासँग समन्वय गरी यस पालिका भित्रका विद्यालयहरुका ५ बर्ष माथिका सबै बालबालिकाहरुलाई कोभिड १९ बिरुद्धको खोप प्रदान गरिएको छ ।

१९. नगर भित्र गरिबी न्यूनिकरणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत ८५ जना नयाँ लघु उद्यमी सिर्जना गरिएको छ ।

२०. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हरेक बर्ष लिजाको आधारमा हुने नगरपालिकाहरुको स्वमूल्यांकन कार्यमा यस नगरपालिकाले १०० अंकमा ७४ अंक प्राप्त गरी धनुषा जिल्लाकै प्रथम स्थान हासिल गरेको छ ।

**अब म यस सम्मानित नगर सभा सदस्यहरु समक्ष आगामी आ.व.२०७९।०८० को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

हालसम्म संघबाट प्राप्त हुने अनुदानको अनुमान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको अनुमान, आन्तरिक आय र दातृ निकायहरुबाट प्राप्त अनुदान समेतको आधारमा आगामी आ.व.**२०७९।०८० को लागि रु.६९ करोड ११ लाख २७ हजारको बजेट पेश गरेको छु ।** अनुमानित बजेटमा केन्द्रबाट प्राप्त हुने समानिकरण, सशर्त, सम्पूरक अनुदान(केन्द्र), सामाजिक सुरक्षा, यूनिसेफ, राजश्व बाँडफाँड(केन्द्र) र प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण, सर्शत, सम्पुरक, सवारी साधन कर, मालपोत कार्यालयबाट घर जग्गा रजिष्ट्रेसन कर तथा बिशेष अनुदान कार्यक्रम र आन्तरिक आय आदि रहेका छन् । केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त अनुदानले मात्र नगरवासिहरुको चाहना पुरा गर्न नसकिने हुनाले नगरको आन्तरिक आम्दानी बृद्धि गर्नको लागि नयाँ क्षेत्र तथा श्रोत पहिचान गरी आन्तरिक आम्दानी बृद्धि गर्न हरसम्भव प्रयास गरीएको छ ।

यस नगरको दशौं नगरसभामा प्रस्तुत भएका नीति, कार्यक्रम र बजेट अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्न समग्र बिषय क्षेत्रहरुलाई समेट्न ऐन, नियम तथा संस्थागत व्यवस्थाहरु करिव पूर्ण भई सकेको अवस्था रहेकोछ । यस महत्वपूर्ण घडीमा नगरवासिहरुको मांग तथा चाहना अत्यधिक रहेकोमा जनमतको कदर गर्दै सीमित श्रोत साधनका बाबजुद पनि बिकासका सबै क्षेत्रहरुलाई सम्बोधन गर्ने प्रयत्न गर्दै नगरको साधन श्रोतहरुलाई सन्तुलित एबं न्यायोचित ढङ्गबाट वितरण गर्न हरसम्भव प्रयास गर्दै आएको छु र फेरी पनि गर्ने नै छु भनी सबैमा विश्वास दिलाउन चाहन्छु । मैले निर्वाचनको समयमा जनता समक्ष गरेका वाचाहरुलाई मार्गदर्शनको रुपमा लिई आगामी दिनमा आवश्यक हुने बजेट तथा श्रोतहरुको पहिचान, संकलन तथा परिचालन गरी योजना तर्जुमा गर्न सफल हुन्छु भनी विश्वास लिएको छु ।

यस नगरपालिकाको आन्तरिक श्रोत न्यून रही केन्द्र र प्रदेशको बजेटमा परनिर्भरता रहनुपरेको व्यहोरा यहाँहरु सबैलाई अवगत नै छ । यसै सन्दर्भमा आन्तरिक श्रोत बृद्धिको लागि पर्यटन एक प्रमुख श्रोत हो । धार्मिक एवं पर्यटकिय सम्भावना रहेको यस नगरपालिकामा क्षीरेश्वरनाथ महादेव मन्दिर, ऐतीहासिक तथा धार्मिक पृष्ठभुमि बोकेका दुधमती पोखरी एवं अन्य पर्यटकिय स्थलको पहिचान गरी ती क्षेत्रहरुको संरक्षण एवं संबर्द्धन गर्दै प्रचार प्रसार गरी पर्यटन प्रर्बद्धनमा जोड दिईएको छ । आन्तरिक आय बृद्धि गर्न हरेक हप्तामा लाग्ने पशुबजार र अन्य हाट बजारहरुको व्यबस्थापन गर्दै ब्यबसाय सञ्चालनबाट यहाँका व्यावसायीहरुले पनि स्वरोजगारका अत्यधिक अवसरहरु पाएका छन् । यस नगरपालिकामा संचालित उद्योग तथा व्यापार व्यवसायलाई करको दायरामा ल्याईनेछ । त्यसैगरी घरबहाल कर समेत आन्तरीक आय बृद्धिको एक प्रमुख श्रोत रहेकोले घरबहाल करलाई संकलन गर्ने कार्यलाई व्यवस्थित गरिनेछ । सबै क्षेत्रहरुमा सकारात्मक सम्भावनाहरु रही रहँदा यसमा चुनैतीहरु पनि त्यतीक्कै छन् । मधेस प्रदेशको स्थायी राजधानी जनकपुरधामको प्रवेश बिन्दुको रुपमा रहेको शहरोन्मुख यस नगरपालिकामा रहेको सखुवा बजार साथै कृषि उत्पादनयुक्त भु-भागहरु, औरही, जलाद, हर्दिनाथ जस्ता खानीजन्य खोलाहरु, उत्पादनको लागि बजारहरुसँगै निकटता र उधोग तथा कलकारखानाको स्थापनाको प्रशस्त सम्भावना रहेको यो नगरपालिका क्षेत्रका विशेषता रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

**आदरणीय उपस्थित महानुभाब तथा सज्जनबृन्दहरु,**

## “स्वास्थ्य, शिक्षा र आर्थिक विकास, सामाजिक न्याय क्षीरेश्वरको निकास”

एउटा आर्थिक वर्षको अन्त्य र अर्को आर्थिक बर्ष सुरुवातका क्षणमा हालै स्थानीय तहको निर्वाचनको कारण अत्यन्तै छोटो समयका बाबजुद पनि यो दशौं नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु। **“स्वास्थ्य, शिक्षा र आर्थिक विकास, सामाजिक न्याय क्षीरेश्वरको निकास”** भन्ने मुल नारालाई आत्मा साथ गर्दै नगरपालिकाका उपरोक्त सवल पक्ष, दुर्वल पक्ष तथा अवसरहरुलाई मध्यनजर गर्दै आगामी आ. व. २०७९।०८० को वार्षिक नगर बिकास योजना तर्जुमा गर्दा लिईने नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको क्षेत्रगत **नीतिहरु** संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

### <u>राजस्व परिचालन एवं श्रोत अभिवृद्धि</u>

१. करको दरको भार नगरबासीले महसुस नहुने गरी करको दर तोकी करदाताहरुको संख्यामा बृद्धि गरी कर तीर्न प्रोत्साहन गरिनेछ। साथै नगरबासीहरुको हितको लागि नगर प्रमुखबाट घोषणा भएको (**चार किल्ला, घरबाटो, नागरिकताको सिफारिस, जन्मदर्ता, बिबाह दर्ता, मृत्यु दर्ता, बसाई सराई**) को दस्तुर निःशुल्क गरिएकोमा सो लाई अगामी आ.व.२०७९।८० मा पनि निरन्तरता दिईनेछ।

२. यस नगरपालिकामा दर्ता नभई संचालन भएका व्यवसायीहरुलाई दर्ता प्रकृयामा आउन व्यवसाय कर सम्बन्धि कार्यविधि अनुसार दर्ता नभएका व्यवसायहरुलाइ पसल पसलमै गएर दर्ता गरिनेछ।

३. कर प्रणालिलाई व्यवस्थित र प्रभावकारी बनाउन व्यापारी, उद्योग वाणिज्य संघसँग सहकार्य र समन्वय गर्दै अगाडी बढने नीति लिईनेछ।

४. सम्पत्ति कर, वार्षिक पेशा व्यवसाय कर र घर बहाल कर असुली कार्यलाई थप प्रभावकारी बनाईने छ।

५ यस नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा जमिन, हाटबजार, पोखरी तथा अन्य भौतीक सम्पत्तिको अभिलेख अद्यावधिक गरी राजस्व आम्दानी गर्ने निती लिएको छ।

६. वार्षिक रुपमा सबैभन्दा बढी कर तीर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईनेछ।

७. नगरपालिकाबाट उपलब्ध गराईने सेवा सुविधाका कार्यहरुलाई राजस्व चुक्ता प्रणलीसँग आवद्ध गरिनेछ।

### <u>आर्थिक विकास सम्बन्धि</u>

१. कृषकसँग मेयर कार्यक्रम संचालन गर कृषकहरुको समस्या र समस्याको समाधान खोज्ने नीति लागु गरिनेछ।

२. सिँचाई सम्बन्धी हाम्रो नगर क्षेत्रभित्र इनार, स्यालो ट्युवेल, डिट ट्युवेल, मोटर, दमकल जस्ता सिँचाई अन्य उपकरणहरु वितरण गरिनेछ।

३. कृषि क्षेत्रको उत्पादन बढाई कृषकका जिवनस्तर बढाउन नगरस्तरीय कृषि नीति, भुउपयोग नीति र सहकारी सम्बन्धी नीति निर्माण गरी कार्यन्वयन गरिनेछ।

४. घानको बिउ, गहुँको बिउ, तरकारी तथा फलफूलका विरुवाहरुमा तोकिएको सरकारी दरमा अनुदानका लागि रकम विनियोजन गरिनेछ।

५. पशुखोप कार्यक्रम, पशुगोठ व्यवस्थापन, पशुआहारजस्ता कार्यक्रम पशुपंक्षी विकास कार्यालयसँगको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।

६. नगरभरीको पशुहरुलाई नगरपालिकाबाट निःशुल्क पशु बिमा गरिनेछ।

७. कृषकहरुलाई आवश्यक्ता अनुसार व्यवसायिक कृषि तालिमको लागि विशेष जोड दिईनेछ।

८. सार्वजनिक जग्गा तथा नदि किनारमा भएका बगर क्षेत्र भित्र आयमूलक बृक्षारोपण तथा फलफूलका बिरुवा रोपी आम्दानी गर्न प्रोत्साहित गर्ने नीति लिईनेछ ।

९. दुग्ध तथा मासु व्यवसायलाई प्रवर्द्धन गर्न पशुपालक कृषकलाई प्रोत्साहती गरिनेछ ।

१०. नगरमा औद्योगिक मैत्री बातावरण श्रृजना गरी रोजगारी श्रृजना हुने क्षेत्रमा लगानी गर्न लगानीकर्ताहरुका लागि लगानी मैत्री बातावरण श्रृजना गर्ने नीति लिईने छ ।

११. नगरका युवाहरुलाई प्राविधिक सीपयुक्त तालिम दिई रोजगारीका लागि क्षमता अभिवृद्धि गर्ने नीति लिईनेछ ।

१२. परम्परागत बाट आधुनिक, निर्वाहमुखीबाट व्यावसायिक कृषि प्रणाली स्थापनाका लागि कृषिको उत्पादन, व्यावस्थापन एवम् वजारीकरण गरीने छ ।

१३. यस नगरमा कोल्ड स्टोरको अभावमा नगरका किसानहरुलाई कृषिजन्य उत्पानबाट निकै क्षति व्यहोर्नु परेको हुँदा उक्त क्षतिलाई मध्यनजर गरी निजी क्षेत्रको लागत साझेदारीमा अगामी आ.व.मा कोल्ड स्टोरको स्थापना गरिने कार्य गरिनेछ।

१४. युवाहरुलाई स्वगरोजगार सृजना गर्न समृद्धि आयोजना सँग लागत साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित तथा उपलब्धिमूलक बनाउनको लागि सूचना तथा परामर्श, सिप र न्यायमा पहुँचको लागि आवश्यक क्रियाकलापहरु संचालन गरिनेछ ।

१६. यस नगरक्षेत्र भित्र संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) लाई थप विकास र विस्तार गरी विशेष प्रोत्साहन गरिनेछ ।

१७. नगरपालिका भित्रका सहकारी संस्थाहरुको नियमन, व्यवस्थापन र प्रबर्द्धनका लागि प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

## पूर्वाधार तथा भौतीक विकास

१. बस्तीबाट वडा केन्द्र जोड्ने सडक, वडा केन्द्रबाट नगर केन्द्र जोड्ने अधुरा सडकहरुलाई विशेष प्राथमिकताका साथ निर्माण गरिनेछ ।

२. नगर यातायात गुरुयोजना निर्माण गरी लगानी सुनिश्चित गरिनेछ ।

३. नेपाल सरकारको समन्वयमा अती विपन्न परिवारको लागि छानो फेर्ने कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

४. पाँच लाख भन्दा बढी लागतका आयोजना स्थलमा योजना सम्बन्धी स्वीकृत बजेट, लागत अनुमान, प्रारम्भ मिती, अन्तिम मिती र उपभोक्ता समितीका अध्यक्ष, कोषाध्यक्ष र सचिव सहितको नाम विवरण उल्लेख भएको होर्डिगं बोर्ड राख्न लगाईनेछ ।

५. नगरक्षेत्रमा १३ फिट भन्दा कम चौडाई भएका बाटोमा नगरपालिका तर्फबाट मर्मत सम्भार तथा स्तरीकरण आवश्यकता अनुसार गर्ने नीति लिईनेछ ।

६. मघेस प्रदेशको राजधानी जनकपुरधामको प्रवेश द्वारको रुपमा रहेको यस नगरपालिकालाई हरित सडकको व्यव्स्थापन गरिनेछ ।

७. दुधमती पोखरी क्षेत्रमा आबश्यक पुर्वाधार निर्माण गरी पर्यटकीय क्षेत्रकारुपमा बिकास गरिनेछ ।

८. नगर क्षेत्रमा पुर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्मैत्री र बाताबरण मैत्री गर्ने नीति लिईनेछ ।

९. भौतिक पुर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभाबकारी बनाउन उपभोक्ता समिती र अनुगमन समितीलाई थप प्रभाबकारी बनाईनेछ ।

१०. उपभोक्ता समिती मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दिर्घकालसम्म आयोजनाको सञ्चालन,ब्यबस्थापन र मरम्मत सम्भारमा स्वयं उपभोक्तालाई नै जिम्मेवार बनाउने नीति लिईनेछ ।

११. नगरमा गरीने सार्वजनिक निर्माण कार्यहरुमा उच्चस्तरको गुणस्तर कायम गर्ने नीति लिईनेछ । सार्वजनिक निर्माण कार्यहरु गुणस्तर भए नभएको अनुगमन गर्न नगर उपप्रमुखको संयोजकत्वमा अनुगमन समिती रहनेछ ।

१२. नगरपालिका क्षेत्रभित्र सानातीना पुल कल्भर्ट निर्माण र नाली सहितको सडक निर्माण कार्यलाई प्राथमिक्ता दिईनेछ ।

**<u>बातावरण तथा विपद व्यवस्थापन</u>**

१) नगरलाई वातावरण मैत्री हरितनगरको रुपमा विकास गर्न बृक्षारोपण तथा वनबुटानको संरक्षण गरी हरितगृह प्रभावलाई न्युनिकरण गर्ने निती लिईनेछ ।

२) विपदको अवस्थामा खोज तथा उद्धारको लागि विपद व्यवस्थापनमा कामगर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकाय र सुरक्षाकर्मिहरुसंग समन्वय गरी स्वयं सेवक र उद्धार राहत सामग्रीहरुको भण्डारण र पुर्व तयारीको व्यवस्था मिलाईनेछ ।

३) बाढीले गर्दा डुबान भएका ठाउँहरुको सम्भावित सूची तयार गरी त्यसलाई व्यवस्थित किसिमले समाधानको अवस्था मिलाइने छ ।

४) नगरका १० वटै वडा कार्यालयहरुमा फोहरमैला व्यवस्थापन सम्बन्धी नागरीक सचेतना कार्यक्रम संचालन गरिनेछ र सबै वडाहरुमा वडा स्तरीय खानेपानी, फोहरमैला, स्वच्छता समन्वय समितीलाई सक्रिय तुल्याईनेछ ।

५) सार्वजनिक सडक, नाली र खुल्ला स्थानहरुमा फोहर फाल्नेलाई कानुन अनुसार कार्यवाही गरी जरिवान गरिनेछ ।

६) नगरमा खुल्ला आयोजनाहरु संचालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मुल्याकंन (IEE, EIA) को अध्ययन गरिनेछ ।

७) सरुवा रोग, डेङ्गु, मलेरिया, कलाजार, जेई जस्ता रोगहरुबाट बच्नको लागि किट्नासक औषधी छर्कने र जनचेतनामूलक कार्यक्रमहरुं प्रचार प्रसारका रुपमा सञ्चालन गरिनेछ र किटजन्य रोगहरु नियन्त्रण गर्न आवश्यकता अनुसार किट नियन्त्रण र नष्ट गरिनेछ ।

८) विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट निनियोजन गरिनेछ ।

९) नगर भित्रका विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान गरी स्थानान्नतरणको लागि आवश्यक प्रक्रिया थालनी गरिनेछ ।

१०) विपद् पुर्व तयारी तथा प्रतीकार्य क्षमता विकास सम्बन्धि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

११) विपद् जोखिम न्युनिकरण गर्नका लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१२) सुरक्षाकर्मीको समन्वयमा बारुणयन्त्रको परिचालन र व्यवस्थापन प्रभावकारी बनाईनेछ । बारुण यन्त्र तथा एम्बुलेन्सको व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ । साथै नगर प्रमुखले घोषणा गर्नु भएको कामहरुलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

**<u>वित्तीय व्यवस्थापन सम्बन्धी</u>**

१) नगरपालिकाको नाममा रहेका वातावरण व्यवस्थापन कोष, मर्मत सम्भारकोष, दैविक प्रकोप विपद् व्यवस्थापन कोषको उद्देश्य अनुसार रकम अभिवृद्धि गरी लक्षित वर्गको हितमा बढी प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिईनेछ ।

२) क्षीरेश्वरनाथ नगरपालिकाको सबै वडाहरुबाट राजस्व सङ्कलन लगायतका कार्यहरु सम्पादन भै रहेकोले वडाका कार्यहरुलाई कम्प्यूटरको माध्यमबाट सञ्चालन गरी सूचना प्रविधिमैत्री बनाउन आवश्यक साधन स्रोत उपलब्ध गराई क्षमता विकासको लागि तालिमको व्यवस्था मिलाईनेछ ।

३) क्षीरेश्वरनाथ नगरपालिकाको नाममा रहेको कर्मचारी कल्याणकोषलाई अभिवृद्धि गरी कर्मचारीको हितमा बढी प्रतिफल प्राप्त हुने गरी परिचालन गर्ने नीति लिईनेछ । साथै सम्पूर्ण कर्मचारीहरुको उत्प्रेरणा तथा मनोबल उच्च पार्नको लागि स्थानीय कर्मचारी प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।

४) वडास्तरबाट संकलन हुने राजश्वलाई INTERNET कम्प्यूटर प्रणालीबाट नगरपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गराई व्यवस्थित बनाईनेछ ।

५) नगरपालिकालाई आवश्यक पर्ने कार्यालय उपकरण, स्टेशनरी तथा मेशिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेण्टी भएका समानहरु मात्र खरिद गरिनेछ र स्वदेशी उत्पादनलाइ नै प्राथमिक्ता दिईनेछ ।

६) कार्यालयमा भएका साधन, मेशिन, उपकरणहरुको समयमै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र श्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने साथै मर्मत गर्दा पनि प्रयोगमा नआउने मालसमानहरुलाई लिलाम बिक्रि गरीने नीति लिईनेछ ।

७) यस नगरपालिकामा भ्रष्टाचार जनित व्यवहारमा शुन्य सहनशिलताको नीतिलाई अंगिकार गरिनेछ ।

८) सङ्कलन भएका राजस्वलाई उही दिन वा अर्को दिन अनिवार्य रुपले बैङ्क दाखिला गरी सक्नु पर्नेछ । यस कार्यमा खटिएका कर्मचारीले राजस्व व्यवस्थापनमा कुनै खलल पुग्ने कार्य गरे वा गर्नलाई सहयोग गरेमा नियमानुसार कार्यवाहीको भागी बन्नु पर्ने हुन्छ ।

९) कर प्रशासनलाई चुस्त दुरुस्त बनाउने नयाँ नीति सहितका सुधारका उपायहरु अवलम्वन गरीने छ ।

**<u>सार्वजनिक सेवा एवं सुशासन प्रवर्द्धन</u>**

१) महिनामा एक पटक **'जनतासँग जनप्रतिनिधि'** कार्यक्रमको व्यवस्था मिलाई प्रत्येक महिना वडामा गई जनप्रतीनिधिले जनतासँग प्रत्यक्ष संवाद गर्ने व्यवस्था मिलाईनेछ ।

२) कार्यालय तथा वडा सचिवालयमा कार्यरत रहेका कर्मचारीहरुको समानुपातीक रुपले आबश्यक्ताको आधारमा क्षमता विकासका प्याकेज तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

३) सुशासन, पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरी नगरपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको समाजिक प्रभावको लेखाजोखा गर्ने गरी समाजिक परीक्षण र सबै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडागत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

४) नगरपालिकाको अधिकारिक वेभसाईटलाई नियमित अपडेट गरी नागरीकलाई प्रबाह गर्ने सेवालाई सुचना प्रविधिमा अधारित गरिनेछ ।

५) नगरपालिकाबाट प्रबाह हुने सेवाका प्रकार र शर्तहरु उल्लेख भएका विवरणलाई नेपाली र स्थानीय भाषामा प्रशारण गर्ने व्यवस्था मिलाइनेछ । अडियो चार्टरको धारणामा यसलाई प्रयोगमा ल्याइने छ ।

६) नगरपालिकाका गतीविधिहरु नगरवासी समक्ष पुर्‍याउन नगरको मुखपत्रको रुपमा चौमासिक नगर बुलेटिन प्रकाशन गरिनेछ, साथै रेडियो, टेलिभिजन मार्फत पनि नगरका गतीविधिहरु प्रशारण गरिनेछ ।

७) नगरपालिकामा एउटा व्यवस्थित सुचना केन्द्रको स्थापना गरी संचालन गरिनेछ ।

८) नगरपालिकाको भौगोलिक सुचना प्रणाली GIS लाई प्रयोग गरी योजना तर्जुमा र राजश्व परिचालन कार्यमा उपयोग गरिनेछ ।

९) सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग बढाउदै Paperless adminstration इ-प्रशासन भएको कार्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

१०) नगरपालिकाबाट जनप्रतीनिधी तथा कर्मचारीलाई गरीने पत्राचारलाई निरुतसाहित गरी SMS, email प्रणालीको प्रयोग र अभ्यासलाई प्रभावकारी बनाईनेछ ।

११) सेवाग्राही नागरीकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतीनिधि सूचना अधिकारीको रुपमा समेत तोकी कार्यमा लगायने व्यवस्था मिलाईनेछ । साथै नगरपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित बनाईनेछ ।

१२) क्षतीपुर्ती सहितको नागरीक वडापत्रको प्रभावकारीता वृद्धि गर्न श्रव्य दृश्य (Audio Visual Charter) प्रविधिमा आधारित नागरीक वडापत्र तयार गरिनेछ ।

१३) जनप्रतीनिधि तथा कर्मचारीहरुको आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।

१४) कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति लिईनेछ ।

१५) बिज्ञ समुहको परिचालन गरि संगठन तथा व्यबस्थापन सर्भेक्षण गरी आबश्यक कार्यान्वयन गरिनेछ ।

१६) केन्द्र तथा प्रदेश सरकारद्धारा निर्धारण गरिएको नमूना दरबन्दीलाई आधार मानी यस नगरपालिकाको कार्यबोझ तथा कार्यरत कर्मचारीको आधारमा दरबन्दी स्वीकृत गरिनेछ । अनआवश्यक दरबन्दीलाई कटौती गरिनेछ ।

**सामाजिक विकास सम्बन्धी**

१) क्षीरेश्वरनाथ नगरपालिकालाई भबिष्यमा मानवताको शहर (City with humanity) बनाउनका लागि छुवाछुत मुक्त, पुर्ण साक्षारयुक्त, पुर्णखोपयुक्त, घरभित्रको धुवाँमुक्त, पूर्ण सरसफाईयुक्त जस्ता देहाय बमोजिमका कार्यक्रमहरुलाइ अभियानका रुपमा संचालन गरिनेछ ।

- बालमैत्री शहर वाताबरणमैत्री शहर, क्षीरेश्वरनाथ नगर
- लैङ्गिकमैत्री शहर क्षीरेश्वरनाथ नगर
- महिला हिंसा मुक्त शहर क्षीरेश्वरनाथ नगर
- पूर्ण साक्षर शहर, क्षीरेश्वरनाथ नगर
- 
- पूर्ण सरसफाईयुक्त शहर, क्षीरेश्वरनाथ नगर

२) महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

३) एकल तथा दलित महिलाहरुका हित प्रवर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।

४) सामाजिक कुरितीको रुपमा रहेको बालबिवाह, बहुबिवाह, बोक्सी प्रथा, रुढीवाद, अन्धविश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतीकरण गरिनेछ ।

५) क्षीरेश्वरनाथ नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र नगरस्तरमा वालक्लब र वालसंजाल गठन पुनर्गठनलाई नियमित गरी क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

६) क्षीरेश्वरनाथ नगरपालिकालाई वालमैत्री नगर घोषणाको अवस्थामा पुर्‍याउन कार्यविधिले तोके बमोजिम कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

७) मृगौला, मुटु, कलेजो, र्अबुद, स्पाईनल ईन्जुरी, मेनेन्जाईटिस, पक्षघात (घातक) रोग लागेको बिरामीहरुलाई दिईदै आएको सहयोग रु. १००००।०० दश हजार आगामी आ.व. २०७९।०८० मा समेत निरन्तरता दिईएको छ ।

८) समाजिक अग्रज सम्मानित ज्येष्ठ नागरीकहरुको भूमिका र योगदानलाई उच्च महत्वका साथ आवश्यक सामग्री वितरण गरिनेछ ।

९) नगरपालिकाबाट प्रदान गरीने सेवाहरुमा असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, गर्भवती, सुत्केरीलाई सेवामा अग्राधिकार दिईनेछ ।

१०) युवावर्गहरुको क्षमता अभिवृद्दिका लागि विभिन्न अतीरिक्त क्रियाकलाप, व्यावसायिक तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

११) युवावर्गलाई खेलकुदको माध्यमबाट स्वस्थ्य जीवनशैली र सृजनात्मक क्षमताको विकास र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरिनेछ ।

१२) खेलकुदको विकासको लागि प्रत्येक बर्ष खेलकुद संघसंस्थाहरुको साझेदारीमा मेयर कप खेलकुदका कार्यक्रमहरुको आयोजना गरिनेछ ।

१३) सामुदायिक विद्यालयमा शिक्षक बिध्यार्थीको अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरीने कार्यलाई निरन्तरता दिईनेछ ।

१४) नगरक्षेत्र भित्र क्रियाशिल गैर सरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित गरी नतीजामूलक बनाउन र प्रभावकारी परिचालन गर्न गै.स.सं. परिचालन नीति बनाईनेछ ।

१५) विपन्नताका कारण कतीपय परिवारका सदस्यको मृत्यु हुँदा अन्तिम लाश सदगत गर्न समेत समस्या भएको अवस्थालाई मध्यनजर गरी मृत्यु हुने व्यक्तिहरुकोहकमा मृत्यु दर्ता गर्न आउदा घरमुली सूचकलाई एक मुष्टरुपमा रु.१००००।-(दश हजार)अन्तीम संस्कार खर्च उपलब्ध गराउदै आएको ब्यबस्था आगामी आ. ब. २०७९।०८० मा पनि निरन्तरता दिइने छ ।

## “स्वास्थ्य, शिक्षा र आर्थिक विकास,
## सामाजिक न्याय क्षीरेश्वरको निकास”

१६) ऐतीहासिक क्षीरेश्वरनाथ मन्दिर, धार्मिक ऐतीहासिक, पुरातातीवक महत्वका स्थानहरुको संरक्षण र विकासमा जोड दिईनेछ ।

१७) स्वच्छ खानेपानीमा सम्पूर्ण नगरवासीको पहुँच कायम गर्न खानेपानी सँग सम्बन्धित निकायमा पहल र साझेदारी गरी सम्भाव्य स्थानहरुको अध्ययन गरी डिपिआर तयार गरिनेछ ।

१८) **“आधारभुत शिक्षाबाट कोही बञ्चित नरहुन”** भन्ने नारालाई सार्थक बनाउन सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका अभियानका रुपमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरीने छ ।

१९) नगर शिक्षाको योजनाबद्ध विकास गर्नका लागि नगर शिक्षा प्रोफाइल तथा नगर शिक्षा योजना तर्जुमा गरिनेछ ।

२०) राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार आधारभूत तहसम्म स्थानिय तहले निर्माण गरी कार्यान्वयन गर्नु पर्ने स्थानिय पाठ्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

२१) बालबिकास कक्षाका शिक्षक तथा विद्यालयका कर्मचारीहरुलाई नगरपालिकाको आर्थिक क्षमता तथा आवश्यकता अनुसार पारिश्रमिक उपलब्ध गराइनेछ ।

२२) विद्यालय दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउनका दिवा खाजा संचालित विद्यालयहरुलाई दिवा खाजा व्यवस्थापन तथा संचालनको लागि आवश्यक सहयोग गरिनेछ ।

२३) आधारभुत तहको अन्तमा लिइने परीक्षालाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्थापन गरिनुका साथै विद्यालयमा संचालन हुने मुल्याकंन प्रणालीलाई व्यवस्थित गर्न आवश्यक कार्यक्रम संचालन तथा नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको आवधिक परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२४) शिक्षक अपुग भएका सामुदायिक विद्यालयहरुमा शिक्षक व्यवस्थापनको लागि नगर शिक्षक व्यवस्थापन गरिनेछ ।

२५) नगरको दिगो विकासका लागि अनिवार्य र गुणस्तरिय शिक्षा प्रदान गर्न विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रोत्साहनका लागि उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई पुरस्कृत गरिनेछ ।

२६) **“नगर प्रमुखसँग बालबालिका, शिक्षक तथा अभिभावक अन्तक्रिया”** नामक कार्यक्रम संचालन गरी बालबालिकाहरु प्रति जनप्रतिनिधीहरुको उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

२७) विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट अनुशासन र शैक्षिक गुणस्तरको विकास गर्न आवश्यक सहयोग गरिनुका साथै नगर स्तरिय खेलकुद तथा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

२८) नगर स्तरिय पुस्तकालय स्थापना गर्नका लागि आवश्यक पूर्व तयारी गरिनेछ ।

२९) राष्ट्रपति रनिङशिल्ड तथा नगर स्तरिय अन्य खेलकुद कार्यक्रमका साथै नगर क्षेत्र भित्रको खेलकुद विकासका लागि खेलकुद सामग्री वितरण गरिनुका साथै आवश्यक कार्य गरिनेछ । साथै नगर क्षेत्र भित्रका युवाहरुको प्रतिभाको पहिचान तथा विकासका कार्यक्रम संचालन गरिनेछ ।

३०) संघ तथा प्रदेश स्थीत शैक्षिक निकायहरुको सहयोग तथा समन्वयमा विद्यालय अनुगमन, सुपरीवेक्षण तथा शिक्षण सहयोग कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

३१) शिक्षकहरुको पेशागत र दक्षता विकासको लागि अन्तर विद्यालय अनुगमन, अभिमुखिकरण, शैक्षिक भ्रमण तथा विद्यालयमा आधारित अभिभावक शिक्षा तालिम, प्र.अ. क्षमता विकास तथा शिक्षक तालिमको व्यवस्थापन गरिनेछ ।

३२) भौतिक पूर्वाधार (कक्षा कोठा, शौचालय, विद्यालय घेराबेरा, खानेपानी, फर्निचर आदि) निर्माण तथा मर्मतका लागि सामुदायिक तथा धार्मिक विद्यालयहरुलाई आवश्यक सहयोग गरिनेछ ।

३३) नगर स्तरिय वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी नगरको शैक्षिक गतिबिधिमा एकरुपता कायम गरिनेछ ।

३४) अँग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयहरुलाई नगरको तर्फबाट प्रोत्साहन गरिनेछ ।

### जन स्वास्थ्य प्रबर्द्धन सम्बन्धी

**"स्वास्थ्य, शिक्षा र आर्थिक विकास,**
**सामाजिक न्याय क्षीरेश्वरको निकास"**

१) क्षीरेश्वरनाथ नगरपलिकालाई स्वास्थ्य सेवा केन्द्रको रुपमा विकास गर्न यस नगरमा रहेका सबै स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास र गुणस्तरीय सेवामा जोड दिईनेछ । निःशुल्क आधारभुत स्वस्थ्य सेवा सबै नागरीकको पहुचमा पुर्‍याउनेछ ।

२) महिला स्वास्थ्य स्वंमसेविका सेवालाई थप प्रभावकारी बनाउन संचालन व्यवस्थापन निर्देशिका बनाई कार्यान्वयन गरिनेछ । स्वयंसेविका कोषहरुमा रहेका रकम बृद्धि गर्दै स्वयंसेविकाको हकहित प्रवर्द्धन परिचालन गर्न निर्देशिका बनाई कार्यान्वयन गरिनेछ । साथै स्वयम सेबिकालाई मासिक यातायात वापतको खर्च रु.२०००।-(दुई हजार) उपलब्ध गराउने गरीएकोमा सोलाई निरन्तरता दिईनेछ ।

३) बाल एवं मातृ मृत्युदर घटाउने, बालवालिका महिला एवं जेष्ठ नागरीकको स्वास्थ्य प्रवर्द्धन गर्ने नीति लिईनेछ । आगामी साल भित्र नगरलाई पूर्णखोपयुक्त नगर घोषणा गरिनेछ ।

४) निजी स्वास्थ्य संस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । अवैध रुपमा संचालित निजी स्वास्थ्य संस्थाहरु बन्द गराईनेछ ।

५) आम उपभोक्ताको हितलाई ध्यान दिँदै खाद्य सुरक्षा र उपभोक्ता सचेतीकरण अभियान संचालन गरिनेछ । सरोकारवालाहरुको सहकार्यमा नियमित बजार अनुगमन गरी नियमन गरिनेछ ।

६) उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिबृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई त्यस्ता कार्यलाई दण्डित गर्ने नीति लिईनेछ ।

७) जेष्ठ नागरीकहरुको स्वास्थ्य परीक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ । ८५ वर्ष भन्दामाथिका जेष्ठ नागरीकहरुको घरमै स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाउन प्रयत्न गरिनेछ ।

८) आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा भवन नभएको स्वास्थ्य चौकीहरुको लागि भवन निर्माण गर्नको लागि प्रदेश र केन्द्र सरकारसँग माग गर्ने ।

९) आधारभुत १५ शैयाको अस्पताल निर्माणको लागि केन्द्र सरकारको बजेट वक्तब्यमा रहेपनि निर्माण हुन नसकेकोले सो अस्पताल निर्माणको लागि आवश्यक पहल गरिने ।

१०) यस नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र महेन्द्रनगर, स्वास्थ्य चौकी रमदैया, स्वास्थ्य चौकी गोपालपुर र स्वास्थ्य चौकी दिगम्बरपुरमा जनशक्ति सहितको स्वास्थ्य ल्याब स्थापनाको लागि आवश्यक बजेट व्यवस्थापन गरिने ।

११) प्राथमिक स्वास्थ्य केन्द्र महेन्द्रनगरबाट डिजटल एक्स रे सेवा संचालन गरिनेछ ।

१२) अन्तमा, यस नगर सभालाई सफल पार्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने नगर सभा सदस्यज्यूहरु एवं राष्ट्र सेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसै गरी हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका राजनितीक दलका प्रमुख तथा प्रतीनिधिज्यूहरु, अतीथि एवंम संचारकर्मी साथीहरु तथा सभामा उपस्थित अन्य समाजसेवी, बुद्धिजीवि तथा सम्पूर्ण नगरबासीहरु एवमं यस नगर सभा सफल पार्न अहोरात्र खटिनु हुने रााष्ट्र सेवक कर्मचारीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

१० असाढ, २०७९

सुखदेव यादव
नगर प्रमुख,
क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगर
धनुषा
मधेस प्रदेश

# क्षीरेश्वरनाथ नगरपालिका कार्यालय, महेन्द्रनगर

## नवैं नगर सभाबाट आ.ब. २०७८/०७९ को संशोधित अनुमान, आ.ब. २०७८/०७९ को आषाढ ५ गते सम्मको यर्थाथ आय र आ.ब. २०७९/०८० को आन्तरीक राजस्व तथा अनुदान प्राप्तीको अनुमान

रू.हजारमा

| शीर्षक नं. | आम्दानी शीर्षक | आ.व.२०७८।०७९ को अषाढ मसान्त सम्मको संशोधित अनुमान | आ.व.२०७८।०७९ को आषाढ ७ गते सम्मको यर्थाथ | आ.व.२०७९।०८० को अनुमान |
|---|---|---|---|---|
| **राजस्व :** | | | | |
| **आन्तरीक राजस्व** | | | | |
| ११३१२ | संस्थागत सम्पत्तिमा लाग्ने बार्षिक कर | | | |
| ११३१३ | एकीकृत सम्पत्ति कर | | | |
| ११३१४ | भुमिकर/मालपोत | ३५०० | २६२५ | ३७०० |
| ११३२१ | वहाल कर | १५०० | ११४४ | १८०० |
| ११३२२ | वहाल विटौरी कर (बजार आदीबाट) | २५५२ | २५२२ | २५०० |
| १४२२३ | शिक्षा सेवा शुल्क | १०० | ६५ | १०० |
| ११४५१ | सवारी साधन कर | १०० | ० | १०० |
| ११४७३ | विज्ञापन कर | १०० | ० | १०० |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३५० | १४५ | ३५० |
| १४१५१ | सरकारी सम्पत्ति बहालबाट आय | १०० | १७ | १०० |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री (बालुवा, गिट्टी, दुङ्गा) | २२३२५ | २२३२५ | २२५०० |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त आम्दानी ( पोखरी ठेक्का) | ८०० | ७२४ | ८०० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५० | ४७ | ५० |
| ११६९१ | अन्य कर | ५० | १६ | ५० |
| १४२१२ | सम्पत्ति लिलामी बिक्रीबाट | १०० | ० | ५० |
| १४२१३ | अन्य विक्री बाट प्राप्त | १०० | ४० | १०० |
| १४२१८ | विद्युत सेवा शुल्क | ५० | ५ | ५० |
| १४२१९ | अन्य सेवा शुल्क | ५० | ४ | ५० |
| १४२२९ | अन्य प्रशासनीक दस्तुर (बोलपत्र तथा प्रमाणपत्र बिक्री कर) | २०० | ७८ | २०० |
| १४२४२ | नक्सा पास दस्तुर | २००० | १८०९ | २००० |
| १४२४३ | सिफारिस दस्तुर | २००० | १७४३ | १२०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०० | १११ | ० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १०० | ६७ | ० |
| १४२४९ | अन्य दस्तुर | ७०० | ४७५ | ५०० |
| | **जम्मा** | **३६९२७** | **३३९६२** | **३६३००** |

| शीर्षक नं. | आम्दानी शीर्षक | आ.व.२०७८।०७९ को अषाढ मसान्त सम्मको संशोधित अनुमान | आ.व.२०७८।०७९ को आषाढ ७ गते सम्मको यर्थाथ | आ.व.२०७९।०८० को अनुमान |
|---|---|---|---|---|
| **अन्तर सरकारी वित्तीय हस्तानान्तरण :** | | | | |
| | **नेपाल सरकारबाट प्राप्त अनुदान :** | | | |
| ८०१०२११८ | वित्तीय समानीकरण अनुदान | १३७९०० | १३७९०० | १४४३०० |
| | सम्पुरक अनुदान (नगरपालिका भवन) | १०६०० | १०६०० | ० |
| | सम्पुरक अनुदान (वडा नं. ६ वडा कार्यालय भवन निर्माण) | ० | ० | ४५०० |
| | सशर्त अनुदान चालु | १५४४४० | १६८०८६ | १५२४०० |
| | सशर्त अनुदान पुँजिगत | २०७०० | २७४०० | २३४०० |
| | राजस्व बाँडफाँड (केन्द्रबाट) | ८२१२१ | ७५०२७ | ९९४८० |
| ३६५०१५३ | सामाजिक सुरक्षा | ११३२५० | ११३२५० | १२५००० |
| ३३७१६५३ | सडक बोर्ड नेपाल | ३५०० | ० | ० |
| १३३२१ | यूनिसेफ कार्यक्रम (स्थास्थ्य, खानेपानी तथा सरसफाई र विपद जोखीम न्यूनिकरण) | १००० | ६९० | ८०० |
| ३६५१५८३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | ४०० | १७९ | ५०० |
| | राजश्व बांडफांड (मालपोत कार्यालय) | २०००० | ० | १८००० |
| | **जम्मा** | **५४३९११** | **५३३१३२** | **५६८३८०** |
| **प्रदेश सरकारबाट अनुदान :** | | | | |
| २६३३१ | वित्तीय समानीकरण अनुदान | ९४०८ | ९४०८ | १०४४७ |
| २६३३२ | सशर्त अनुदान | ५००० | ० | ० |
| २६३३३ | सम्पुरक अनुदान | २००० | २००० | २००० |
| २६३३४ | विशेष अनुदान | ३००० | ३००० | ३००० |
| | सवारी साधन कर | ७८३२ | ७८१५ | ७००० |
| | **जम्मा** | **२७२४०** | **२२२२३** | **२२४४७** |
| | | | | |
| **जिल्ला समन्वय समितिबाट अनुदान** | | १०००० | ० | ० |
| | **जम्मा** | **१००००** | **०** | **०** |
| | **जनसहभागिता** | | | |
| | नगद लागत सहभागिता | ३५००० | १५९८६ | ३५००० |
| | **जम्मा** | **३५०००** | **१५९८६** | **३५०००** |
| | गत वर्षको मौज्दात अल्या | ४२१०० | २५००० | २९००० |
| | **कुल जम्मा** | **६९५१७८** | **६३०३०३** | **६९११२७** |

# क्षीरेश्वरनाथ नगरपालिका कार्यालय, महेन्द्रनगर

## आ.व.२०७८/०७९ को संसोधित, ०७९ आषाढ ७ गते सम्मको यर्थाथ र आ.ब.०७९/८० को प्रस्तावित व्यय अनुमान

रू हजारमा

| खर्च शीर्षक नंम्बर | खर्च शीर्षक | चालु आ.ब.२०७८।०७९ अषाढ सम्मको संशोधित अनुमान | चालु आ.ब.२०७८।०७९ को आषाढ ७ गते सम्मको यर्थाथ | आ.ब.२०७९।०८० को सम्मको अनुमान | श्रोत | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | नेपाल सरकार | | | | प्रदेश सरकार | | | | | गत मौज्दात | घर जग्गा रजिष्ट्रेशन दस्तुर ( मालपोत) | अन्य निकायबाट प्राप्त(गत मौज्दात समेत) |
| | | | | | | समानिकरण | सशर्त | सम्पुरक | राजश्व बाडफांड | समानिकरण | सशर्त | विशेष | सम्पुरक | सवारी कर | | | |
| **चालु खर्च** | | | | | | | | | | | | | | | | | |
| २१११११ | कर्मचारी तलब | २५००० | १७८२६ | २५००० | ० | ० | ० | ० | २५००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २१११११ | कर्मचारी तलब (अवन्डा कोष) | ० | ० | ४००० | ० | ० | ० | ० | ४००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २१११११ | कर्मचारी तलब (विद्यालय कर्मचारी र बाल विकासको थप तलब) | ६१०० | ४४२१ | ७००० | ० | ० | ० | ० | ७००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २११२१ | कर्मचारी पोसाक | ८०० | ७१० | १००० | ० | ० | ० | ० | १००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २११३२ | महगि भता | १००० | ९९० | १२०० | ० | ० | ० | ० | १२०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २११३३ | फिल्ड भत्ता | १०० | २१ | १०० | ० | ० | ० | ० | १०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २११३४ | कर्मचारी बैठक भत्ता | १५०० | ६१६ | १५०० | ० | ० | ० | ० | १५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २११३५ | कर्मचारी प्रोत्साहन खर्च | ११५० | ० | ३००० | ० | ० | ० | ० | ३००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २११३९ | अन्य भता दशै, तिहार पालो पहरा | ३०० | २४७ | ३०० | ० | ० | ० | ० | ३०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ३००० | १९९३ | ३००० | ० | ० | ० | ० | ३००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २११४२ | पदाधिकारी सुविधा र अन्य सुबिधा | ९५०० | ७४११ | १००० | ० | ० | ० | ० | १००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २१२१४ | कर्मचारी कल्याण कोष | २५०० | ० | ३००० | ० | ० | ० | ० | ३००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२१११ | पानी तथा विजुली | १००० | ५०९ | १५०० | ० | ० | ० | ० | १५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२११२ | संचार महसुल | ५०० | २३४ | १००० | ० | ० | ० | ० | १००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२२११ | इन्धन पदाधिकारी | ३००० | ३०३१ | ४००० | ० | ० | ० | ० | ४००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ३५०० | ३४२४ | ४००० | ० | ० | ० | ० | ४००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २५०० | २०३१ | ३००० | ० | ० | ० | ० | ३००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२२१४ | विमा तथा नविकरण खर्च | २०० | ३३ | ३०० | ० | ० | ० | ० | ३०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२२२१ | मेसिन औजार मर्मत तथा संचालन खर्च | ५०० | ७६ | १००० | ० | ० | ० | ० | १००० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| खर्च शीर्षक नंम्बर | खर्च शीर्षक | चालु आ.ब.२०७८।०७९ असाढ सम्मको संशोधित अनुमान | चालु आ.ब.२०७८।०७९ को आषाढ ७ गते सम्मको यर्थाथ | आ.ब.२०७९।०८० को सम्मको अनुमान | श्रोत | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | नेपाल सरकार | | | | प्रदेश सरकार | | | | | गत मौज्दात | घर जग्गा रजिष्ट्रेशन दस्तुर ( मालपोत) | अन्य निकायबाट प्राप्त(गत मौज्दात समेत) |
| | | | | | | समानिकरण | सशर्त | सम्पुरक | राजश्व बाडफांड | समानिकरण | सशर्त | विशेष | सम्पुरक | सवारी कर | | | |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | ४००० | २५६५ | ६००० | ० | ० | ० | ० | ६००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | १०० | ० | १०० | ० | ० | ० | ० | १०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२३१५ | छपाई पुस्तक पत्रपत्रिका | १५०० | ४६६ | २००० | ० | ० | ० | ० | २००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२३१९ | अन्य कार्यालय सामान | १००० | ४० | १००० | ० | ० | ० | ० | १००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२४११ | सेवा र परामर्श (पदपुर्ति तथा परिक्षा संचालन | ५०० | ३८० | ७०० | ० | ० | ० | ० | ७०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२४१२ | सुचना प्रणली तथा सफटवेयर संचालन खर्च | ४०० | ० | ५०० | ० | ० | ० | ० | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२४१३ | करार सेवा शुल्क | १०००० | ९६०१ | १०००० | | ० | ० | ० | १०००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२४१४ | सरसफाई सेवा शुल्क | १३०० | १२०५ | ३००० | ० | ० | ० | ० | ३००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२४१९ | अन्य सेवा शुल्क | ५० | ० | ५० | ० | ० | ० | ० | ५० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ५०० | २४७ | ५०० | ० | ० | ० | ० | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२६११ | अनुगमन मुल्याङकन खर्च | ८०० | १२४ | ८०० | ० | ० | ० | ० | ८०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२६१२ | भ्रमण खर्च | १८०० | १३६१ | २००० | ० | ० | ० | ० | २००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२७११ | विविध खर्च | १७०० | १६९६ | २५०० | ० | ० | ० | ० | २५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२७२१ | नगर सभा संचालन खर्च | १२०० | ४०९ | १५०० | ० | ० | ० | ० | १५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २५३१५ | अन्य सहायता | ५०० | ५१६ | ८०० | ० | ० | ० | ० | ८०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २८१४२ | घर भाडा | ९०० | ६७८ | ९०० | ० | ० | ० | ० | ९०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२४१२ | सफटवेयर संचालन खर्च (सुत्रमा डाटा इन्ट्री) | ५०० | ५०० | ५०० | ० | ० | ० | ० | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २८१४३ | सवारी साधन तथा मेसिनरी औजार भाडा | १५० | ६६ | ३०० | ० | ० | ० | ० | ३०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २८९११ | भैपरी चालु खर्च | १०० | ० | १०० | ० | ० | ० | ० | १०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **चालु तर्फको जम्मा** | | **८९१५०** | **६३४२७** | **९८१५०** | **०** | **०** | **०** | **०** | **९८१५०** | **०** | **०** | **०** | **०** | **०** | **०** | **०** | **०** |

| खर्च शीर्षक नंम्बर | खर्च शीर्षक | चालु आ.ब.२०७८।०७९ अषाढ सम्मको संशोधित अनुमान | चालु आ.ब.२०७८।०७९ को आषाढ ७ गते सम्मको यर्थाथ | आ.ब.२०७९।०८० को सम्मको अनुमान | श्रोत | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | नेपाल सरकार | | | | प्रदेश सरकार | | | | | गत मौज्दात | घर जग्गा रजिष्ट्रेशन दस्तुर ( मालपोत) | अन्य निकायबाट प्राप्त(गत मौज्दात समेत) |
| | | | | | | समानिकरण | सशर्त | सम्पुरक | राजश्व बाडफांड | समानिकरण | सशर्त | विशेष | सम्पुरक | सवारी कर | | | |
| **पुजिगत तथा कार्यक्रम सम्बन्धि खर्च** | | | | | | | | | | | | | | | | | |
| २६६१२ | सर्शत कार्यक्रम चालु (शिक्षा, स्वास्थ्य, पशु, कृषि, महिला विकास) | १५४४४० | ८६४९२ | १५२४०० | ० | ० | १५२४०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | सर्शत कार्यक्रम पुजिगत | २०७०० | ६१५१ | २३४०० | ० | ० | २३४०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | सम्पुरक अनुदान केन्द्र (वाड कार्यालय ६ को भवन) | १०६०० | ० | ४५०० | ० | ० | ० | ४५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | प्रदेश सर्शत कार्यक्रम | ५००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | नगर स्तरीय योजना | १६९०२७ | १००४८५ | १२२३७७ | ० | ६३३७७ | ० | ० | ० | ० | ० | ३००० | २००० | ७००० | २९००० | १८००० | ० |
| | वडा स्तरीय योजना (वडा नं.१-१०) | ५४००० | ३०६०६ | ८०००० | ० | ८०००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२५१२ | सामाजिक विकास कार्यक्रम | ७५०० | २१६२ | १०००० | १०००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २२५२२ | प्रवद्धनात्मक कार्यक्रम | ३१६११ | १२१८५ | ३९००० | २६३०० | ९२३ | ० | ० | १३३० | १०४४७ | ० | ० | ० | ० | ० | ० | ० |
| २७१११ | सामाजिक सुरक्षा | ११३२५० | ९९४५० | १२५००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १२५००० |
| | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | ४०० | १८९ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५०० |
| | सडक बोर्डका योजना | ३५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | युनिसेफ कार्यक्रम (स्थास्थ्य, खानेपानी तथा सरसफाई र विपद जोखीम न्यूनिकरण) | १००० | ६२० | ८०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८०० |
| | नगद जनसहभागिता | ३५००० | १५९८६ | ३५००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३५००० |
| **पुँजिगत तर्फको जम्मा** | | **६०६०२८** | **३५४३२६** | **५९२९७७** | **३६३००** | **१४४३००** | **१७५८००** | **४५००** | **१३३०** | **१०४४७** | **०** | **३०००** | **२०००** | **७०००** | **२९०००** | **१८०००** | **१६१३००** |
| **चालु र पुजिगत सहित कुल जम्मा खर्च** | | **६९५१७८** | **४१७७५३** | **६९११२७** | **३६३००** | **१४४३००** | **१७५८००** | **४५००** | **९९४८०** | **१०४४७** | **०** | **३०००** | **२०००** | **७०००** | **२९०००** | **१८०००** | **१६१३००** |

# क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगर धनुषा
# आ.व. २०७९।०८० को एकिकृत आय व्ययको अनुमान

रू.हजारमा

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | आय शिर्षक | आय रकम | सि.नं. | व्यय शिर्षक | व्यय रकम |
| १ | संघीय सरकार हस्तान्तरीत कार्यक्रम (सर्शत) चालु | १५२४०० | १ | संघीय सरकार हस्तान्तरीत कार्यक्रम (सर्शत) चालु | १५२४०० |
| २ | संघीय सरकार हस्तान्तरीत कार्यक्रम (सर्शत) पुजिगत | २३४०० | २ | संघीय सरकार हस्तान्तरीत कार्यक्रम (सर्शत) पुजिगत | २३४०० |
| ३ | सम्पुरक अनुदान केन्द्र | ४५०० | ३ | सम्पुरक अनुदान केन्द्र | ४५०० |
| ४ | सामाजिक सुरक्षा | १२५००० | ४ | समाजिक सुरक्षा | १२५००० |
| ५ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | ५०० | ५ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) | ५०० |
| ६ | यूनिसेफ | ८०० | ६ | यूनिसेफ | ८०० |
| ७ | नगद लागतसहभागिता | ३५००० | ७ | नगद लागतसहभागिता | ३५००० |
| ८ | आन्तरिक आय | ३६३०० | ८ | प्रशासनीक खर्च | ९८१५० |
| ९ | वित्तीय समानीकरण अनुदान | १४४३०० | ९ | नगर स्तरीय योजना | १२२३७७ |
| १० | राजस्व बाडफाड (केन्द्रबाट) | ९९४८० | १० | वडा र कार्यपालिका स्तरीय योजना | ८०००० |
| ११ | घर जग्गा रजिष्ट्रेशन दस्तुर (मालपोत कार्यालय) | १८००० | ११ | प्रबर्द्धनात्मक कार्यक्रम | ३९००० |
| १२ | प्रदेश सरकारबाट वित्तीय समानीकरण | १०४४७ | १२ | सामाजिक बिकास कार्यक्रम | १०००० |
| १३ | प्रदेश सरकारबाट सम्पुरक अनुदान | २००० | | | |
| १४ | प्रदेश सरकारबाट विषेश अनुदान | ३००० | | | |
| १५ | प्रदेश सरकारबाट सवारी साधन कर | ७००० | | | |
| १६ | गत मौज्दात | २९००० | | | |
| जम्मा आय | | ६९११२७ | जम्मा व्यय | | ६९११२७ |